नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# वालिङ नगरपालिका कार्यालय
वालिङ, स्याङ्जा

०६३-४४०१७७
०६३-४४०११३
०६३-४४०१८२
०६३-४४०२३७
फ्याक्स : ०६३-४४०१७७/१८२
E-mail: munwaling@yahoo.com

पत्र संख्या: २०७२/०७३
चलानी नं. : १५५२

मिति २०७२।९।१

विषय :- *विवरण तथा प्रगति प्रतिवेदन सम्बन्धमा।*

श्री जिल्ला प्रशासन कार्यालय
स्याङ्जा ।

प्रस्तुत विषयमा तहांको च.नं. ३१४७ मिति २०७२।८।२५ गतेको फ्याक्स मार्फत प्राप्त पत्रानुसार चालु आ.व. २०७२/०७३ को प्रथम चौमासीक अवधी एंव मंसिर मसान्त सम्ममा यस कार्यालयले गरेको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध गरिन्छ ।

*तपसिल:*

१) नगरपालिकाको समन्वय र सहकार्यमा गह्रौ घ्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र (वालिङ अस्पताल) को लागी निः शुल्क रुपमा १५-२-०-२ क्षेत्रफल बरबरको जग्गा उपलब्ध गराई गह्रौ घ्याङलिङ प्राथमिक स्वास्थ्य केन्दको नाउमा जग्गा नामसारी गरी सम्बन्धीत निकायमा अस्पताल निर्माण कार्य स्वीकृतीको लागी पठाईएको ।

२) १८ औं नगरपषिद्ले स्वीकृत गरेको दरबन्दी अनुसार रिक्त रहेको अधिकृत स्तर छैटौं तह ईन्जिनियर पदको पदपूर्ति प्रकृया सम्पन्न भई श्री रोशन के.सी. (पुतलीबजार न.पा.वडा नं. ९) लाई स्थायी नियूक्ति गरिएको ।

३) यस वालिङ नगरपालिका वडा नं. १० स्थित रहेको श्री उपल्लो पेखु माध्यामिक विद्यालय भवन निर्माणको लागी नेपाल सरकार, नगरविकास कोष, नगरपालिका र स्थानीय उपभोक्ताको पारस्परिक सहयोगमा भवन निर्माण कार्यको लागी सम्फौता गरीएको र प्रथम किस्ता रकम निकासाको लागी रकम माग गरीएको ।

४) नगरपालिकाको समन्वयमा स्वास्थ्य सेवा विभागले यस नगरपालिकाको वडा नं. ९ र ११ मा नगर शहरी स्वास्थ्य केन्द्र स्थापनाको लागी स्वीकृत भई आएकोले सो कार्य प्रक्रियामा गरेको ।

५) शसस्त्र प्रहरी तालीम वेश क्याम्सको माग बमोजिम नगरपालिकाको सहकार्य र समन्वयमा उक्त निकायको लागी हाल रहीरहेको जग्गा व्यवस्थापन गर्नका लागी पहल भई रहेको ।

६) चालु आ.व.मा नगरपालिकाले आफ्नो नियमितरुपमा गर्नु पर्ने नगरपरिषद् (१९औं नगरपरिषद्) को तयारीका लागी पूर्व योजना तर्जुमा गोष्ठी, टोल भेला, वडा भेला, वडा नागरीक मन्चको पूनरगठन, वडा नागरीक मन्चको बैठक योजना प्राथमिकिकरण लगायतका कार्यहरु भईरहेको ।

७) यस अवधिमा लक्ष अनुरुप कार्य प्रगति हासिल गर्नको लागी नेपाल सरकारबाट नगरपालिकालाई आउनु पर्ने अख्तियारी रकम प्राप्त भएको र प्रथम किस्ता रकम समेत निकासा भई आएकोमा वडा स्तरीय, लक्षित वर्गका केही योजनाहरु उपभोक्ता समितिको गठन एंव सम्फौताको चरणमा रहेको तर हाल भई रहेको नाकाबन्दीको कारणबाट जनतामा उत्साह नआएको र केही महंगी बढेकोले लागत बढने अनुमानका कारणले पनि कार्यमा अगाडी नबढेको देखिन्छ । केन्द्रबाटै यो सहज भए स्वतः निकास हुने देखिन्छ तर पनि विस्तारै वडाभेला पछि जनतामा काम गर्ने उत्साह बढेको देखिएकोले अव कार्य अगाडी बढ्ने अनुमान गर्न सकिन्छ । पेट्रोलियम पदार्थको अभावका कारण प्रायः jCV, ट्याक्टर मार्फत हुने काम भएकाले पेट्रोलियम पदार्थ सहजीकरण गर्ने निकायले सहज गराएमा अरु काम पनि अगाडी बढने देखिन्छ ।

८) विकास निर्माणसंग सम्बन्धित कार्यालयहरु वीच समन्वय भएको खण्डमा कार्यमा सहजीकरण हुने देखिन्छ ।

२०७२।९।१
सुरेश पोखेल
कार्यकारी अधिकृत

*बोधार्थ:*
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(नगरपालिका व्यवस्था शाखा) सिंहदरबार काठमाण्डौं ।

०१५